नेपाली राजदूतावास
EMBASSY OF NEPAL
VIENNA

# नेपाली राजदूतावास, भियनाको अत्यन्त जरुरी सूचना

- नेपाल सरकारको निर्णयानुसार अष्ट्रिया लगायत सबै युरोपेली मुलुकहरुबाट नेपाल भ्रमण गर्ने, युरोपेली मुलुकहरुलाई ट्रान्जिट बनाई नेपाल जाने वा युरोपेली मुलुकहरुबाट प्रथम यात्रा सुरु गरी अन्य जुनसुकै मुलुक हुँदै नेपाल जाने सबै यात्रुहरुलाई यहीं मिति सन् २०२० मार्च २० को मध्यरात्री देखि १२ अप्रिलको मध्यरात्रीसम्म लागू हुनेगरी आगमनमा प्रतिबन्ध लगाइएको छ ।
- अष्ट्रिया तथा यस राजदूतावासको कार्यक्षेत्र रहेका अन्य मुलुकहरुमा समेत COVID-19 को बढ्दो संक्रमणलाई मध्यनजर गर्दै यस राजदूतावासबाट प्रदान गरिने कन्सुलर सेवाहरुको सम्बन्धमा निम्नानुसारको व्यवस्था गरिएको व्यहोरा जानकारी गराइन्छः

१. तत्कालका लागि नेपाल सरकारले आगमनमा प्रतिबन्ध लगाएको अवधि (२० मार्च देखि १२ अप्रिलसम्म) सम्मका लागि यस राजदूतावासबाट पर्यटक भिसा जारी गरिने छैन ।

२. नयाँ राहदानी बनाउने, राहदानी नविरकण, यात्रा अनुमति पत्र, गैरआवासीय नेपाली परिचय पत्र तथा कागजात प्रमाणीकरणका लागि यस राजदूतावासको वेबसाइट at.nepalembassy.gov.np मा रहेको विवरण अनुसारका कागजात तयार पारी त्यसको छायाँप्रति scan गरी यस राजदूतावासको इमेलमा पठाउने । कागजात दुरुस्त रहेको भनी राजदूतावासबाट जवाफी इमेल प्राप्त भएपछि सक्कल निवेदन तथा कागजातहरु हुलाक मार्फत राजदूतावासमा पठाउने र राजदूतावासको बैंक खातामा तोकिएको दस्तूर जम्मा गर्ने ।

३. अधिकृत वारेसनामा र मञ्जुरीनामा लगायतका राजदूतावासमा स्वयं उपस्थित भई सहीछाप गर्नुपर्ने कामका लागि अत्यन्त जरुरी अवस्थामा मात्र राजदूतावासमा आउने ।

४. राजदूतावासमा आउनुपर्ने अत्यावश्यक काम भएमा टेलिफोन/इमेलबाट सम्पर्क गरी समय लिएर मात्र कार्यालय खुल्ने समयमा आउने र त्यसरी आउँदा सम्बन्धित व्यक्तिमात्र आउने ।
राजदुतावासको सेवा एवम् अन्य कुनै जानकारीका लागि तपसिलको फोन नम्बर तथा इमेल ठेगानामा सम्पर्क गर्न सकिनेछः

**फोन नं - +४३१२३५०२७५०१ , इमेलः mission@nepalmission.at, consular@nepalmission.at**

पुनश्चः COVID-19 को संक्रमण पछिल्लो समयमा तिव्र रुपमा बढिरहेको सन्दर्भमा यसको संक्रमणबाट जोगिनका लागि आवश्यक सतर्कता अपनाउनुहुन र सम्बन्धित सरकारहरुले लागू गरेका व्यवस्था बमोजिमका कार्यहरु गर्नुहुन अष्ट्रिया तथा यस राजदूतावास सहप्रमाणीकृत भएका मुलुकहरु स्लोभेनिया, क्रोएसिया, ग्रीस, बोस्निया एण्ड हर्जगोभिना, अल्बानिया, मोन्टेनेग्रो, नर्थ मेसेडोनिया तथा जर्जियामा बस्नुहुने सम्पूर्ण नेपाली समुदायमा नेपाली राजदूतावास, भियना हार्दिक अनुरोध गर्दछ ।
साथै, कुनै सहयोगको आवश्यकता परेमा वा समस्या परेमा राजदूतावासमा सम्पर्क गरी जानकारी गराउनुहुन समेत अनुरोध छ ।